7530

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २२४/०७३/७४**
**निर्णय नं. १३१**

जिल्ला बैतडी, सलेना गा. वि. स.-१, हाल ऐ. गा. बि. स. २ कसडा गाउँ निबासी उत्तमराम बि. क. (लोहार) ............................................................1 } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, वैतडी ................................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला प्रहरी कार्यालय, बैतडी ................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला बैतडी, सलेना गा. बि. स.-१, हाल ऐ. गा. बि. स. २ कसडा गाउँ निवासी उत्तमराम बि. क. (लोहार)ले कृष्णनगर नगरपालिकाको कार्यालय, कपिलबस्तु समक्ष तपसिल वमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला प्रहरी कार्यालय, वैतडीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. म, मेरी आमा र विपक्षी फन्नीराम लोहार समेत बीच मिति २०७३।०५।०५ मा जिल्ला प्रहरी कार्यालय, बैतडीमा गरिएको मिलापत्रको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल मंसिर ०५ गते रोज १ शुभम् ।